# Invitation for Sealed Quotation

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**

जावलाखेल, ललितपुर

**कोयर म्याट्रेस खरिद सम्बन्धी**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७६/०२/१३)**

यस प्रतिष्ठानको लागि कोयर म्याट्रेसहरू खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनीले दरभाउपत्र फाराममा उल्लिखित शर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फाराम खरिद गर्न फर्म/संस्था/कम्पनीले आधिकारिक पत्र, दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर प्रमाण-पत्र र आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र पेश गर्नु पर्नेछ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

| क्र सं | सामानको विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति र समय | फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| १. | कोयर म्याट्रेस-१२० थान | रु.३००/- | मिति २०७६ जेठ २७ गते, सोमबारसम्म (कार्यालय समयभित्र) | मिति २०७६ जेठ २८ गते, मंगलबार दिनको १२:०० बजेसम्म | मिति २०७६ जेठ २८ गते, मंगलबार दिउँसो १२:३० बजेपछि |

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
**जावलाखेल, ललितपुर**

## कोयर म्याट्रेश खरिद सम्बन्धी दरभाउपत्रका शर्तहरू

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र रु.३००/- (तीनसय मात्र) (फिर्ता नहुने) तिरी यस प्रतिष्ठानबाट खरिद गर्न सकिनेछ र १६औं दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र फाराम यस प्रतिष्ठानमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र फारामहरू सोही दिनको १२:३० बजेपछि दरभाउपत्रदाता वा निजको मञ्जुरीनामा पत्र सहितको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । आधिकारिक पत्र विना दरभाउपत्रदाता वा मञ्जुरीनामा पत्र विना दरभाउपत्रदाताको प्रतिनिधिलाई बोलपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. ***सिलबन्दी दरभाउपत्र फारामसाथ निम्नलिखित कागजपत्रहरू अनिवार्य रुपमा पेश गर्नु पर्नेछ :***

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाण-पत्र (नवीकरण भएको/सम्बन्धित कार्य गर्न इजाजत प्राप्त भएको) को प्रमाणित प्रतिलिपि

(ख) स्थायी लेखा नम्बर दर्ता तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(ग) आ.ब.२०७४/७५ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

(घ) दरभाउपत्र जमानत बापत मूल्य अभिबृद्धि कर सहित आफूले कबोल गरेको कूल रकमको कम्तीमा २.५ प्रतिशतले हुने रकम मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.००७००१०१६३२३४ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त “क” वर्गको बाणिज्य बैंकले यस प्रतिष्ठानको नाममा जारी गरेको र दरभाउपत्र फाराम पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ

(ङ) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाँए नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नु पर्नेछ ।

३. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/संस्था/कम्पनीले आधिकारिक पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि कर दर्ता, आ.ब. २०७४/७५ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गरेपछि मात्र बोलपत्र फाराम दिइनेछ । बोलपत्रदाताले यस प्रतिष्ठानबाट वितरित बोलपत्र फाराम नै प्रयोग गर्नु पर्नेछ । अन्य तवरले प्राप्त बोलपत्र फाराम मान्य हुने छैन ।

४. जुन फर्म/संस्था/कम्पनीले दरभाउपत्र फाराम खरिद गरेको हो सोही फर्म/संस्था/कम्पनीबाट मात्र दरभाउपत्र फाराम पेश गर्न पाइनेछ ।

५. दरभाउपत्र फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक सही तथा फर्म/संस्था/कम्पनीको छाप लागेको हुनु पर्नेछ र दरभाउपत्रको खाम बाहिर "नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान" तथा "कोयर म्याट्रेश आपूर्ति सम्बन्धी दरभाउपत्र" उल्लेख गरेको हुनु पर्नेछ ।

६. दरभाउपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश: बिदापछि कार्यालय खुलेको दिन उल्लिखित समय र स्थानमा दरभाउपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ ।

७. सिलबन्दी नभएको, म्याद नाघी आएको, रित नपुगेको, कुनै शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन र मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

८. कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा घटी वा बढी अंकको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ

९. दरभाउपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नु पर्नेछ । अंक र अक्षरको बीचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ । दरभाउपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य र जम्मा मूल्यमा फरक पर्न गएमा प्रति इकाई मूल्यलाई मान्यता दिइनेछ । दरभाउपत्र फाराममा केरमेट भएमा केरमेट गरिएको ठाउंमा दरभाउपत्रदाताले सही गर्नु पर्नेछ

१०. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र प्रतिष्ठानमा खरिद सम्झौता गर्न आउन स्वीकृत दरभाउपत्रदातालाई जानकारी गराइनेछ । खरिद सम्झौता गर्न आउँदा कार्यसम्पादन जमानत ( परफरमेन्स ग्यारेण्टी) बापत प्रतिष्ठानले तोके अनुसारको रकम मेगा बैंक नेपाल लिमिटेड, जावलाखेल शाखामा यस प्रतिष्ठानको नाममा रहेको खाता नं.००७००१६३२३४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस प्रतिष्ठानको नाममा जारी गरेको र प्रतिष्ठानले तोके अनुसारको म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति पेश गर्नु पर्नेछ । तोकिएको अवधिभित्र खरिद सम्झौता गर्न नआएमा स्वीकृत दरभाउपत्रदाताको दरभाउपत्र जमानत रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

११. खरिद सम्झौतामा सही गर्न स्वीकृत दरभाउपत्रदाता आफै वा मञ्जुरीनामा पत्र सहितको आफ्नो प्रतिनिधि तथा एक जना साक्षी सहित उपस्थित हुनु पर्नेछ ।

१२. कोयर म्याट्रेश खरिद सम्बन्धमा प्रतिष्ठान र स्वीकृत दरभाउपत्रदाताबीच हुने खरिद सम्झौताको म्याद दुवै पक्षबाट खरिद सम्झौतामा सही भएको मितिले २५ (पच्चीस) महिनासम्म कायम रहनेछ ।

१३. अस्वीकृत दरभाउपत्रदाताको दरभाउपत्र जमानत स्वीकृत दरभाउपत्रदाता र प्रतिष्ठानबीच खरिद सम्झौता भएपछि फिर्ता गरिनेछ ।

१४. स्वीकृत दरभाउपत्रदाताले खरिद सम्झौतामा सही भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित कोयर म्याट्रेश प्रतिष्ठानमा उपलब्ध गराउनु पर्नेछ ।

१५. स्वीकृत दरभाउपत्रदाताले उपलब्ध गराउने सम्बन्धित कोयर म्याट्रेशहरूको गुणस्तर तथा स्पेसिफिकेशन दरभाउपत्र फाराममा उल्लेख भए अनुसारको, कम्तीमा २ (दुई) वर्ष वारेण्टी भएको र प्रतिष्ठानले निश्चित गरे अनुसारको हुनु पर्नेछ ।

१६. दरभाउपत्र फाराममा उल्लिखित कोयर म्याट्रेशको परिमाणमा प्रतिष्ठानको आवश्यकता अनुसार थपघट भएमा पनि स्वीकृत दरभाउपत्रदाताले स्वीकार गर्नु पर्नेछ ।

१७. खरिद सम्झौताको म्यादभित्र प्रतिष्ठानलाई दरभाउपत्र फाराममा उल्लिखित कोयर म्याट्रेशको परिमाणभन्दा थप आवश्यक परेमा प्रतिष्ठानले माग गरे अनुसार स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेख भएको मूल्यमा नै प्रतिष्ठानमा उपलब्ध गराउनु पर्नेछ ।

१८. स्वीकृत दरभाउपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराएका सम्बन्धित कोयर म्याट्रेशहरू प्रतिष्ठानलाई उपयुक्त भएमा मात्र स्वीकार गरिनेछ ।

१९. स्वीकृत दरभाउपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराउने सम्बन्धित कोयर म्याट्रेशहरू प्रतिष्ठानको स्टोर शाखामा दाखिला भएको प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी दिइनेछ ।

२०. स्वीकृत दरभाउपत्रदाताले प्रतिष्ठानमा उपलब्ध गराउने सम्बन्धित कोयर म्याट्रेशहरू प्रतिष्ठानको स्टोर शाखामा दाखिला भएको प्रतिवेदन प्राप्त भएपछि मात्र वारेण्टी अवधि गणना गरिनेछ ।

२१. स्वीकृत दरभाउपत्रदाताले उपलब्ध गराएको सम्बन्धित कोयर म्याट्रेश वारेण्टी अवधिभित्र बिग्रेमा वा अन्य कुनै कारणले फेर्नु परेमा स्वीकृत दरभाउपत्रदाताले प्रतिष्ठानलाई नयाँ कोयर म्याट्रेश उपलब्ध गराउनु पर्नेछ ।

२२. प्रतिष्ठानमा सम्बन्धित सामानहरू कोयर म्याट्रेशहरू उपलब्ध गराए वापत तिर्न बुझाउनु पर्ने कर, शुल्क, महसुल वा अन्य यस्तै भुक्तानी गर्नु पर्ने सबै दायित्वहरू स्वीकृत दरभाउपत्रदाताको हुनेछ ।

२३. स्वीकृत दरभाउपत्रदातालाई प्रतिष्ठानबाट गरिने भुक्तानी रकमबाट नियमानुसार लाग्ने करकट्टी गरी मात्र भुक्तानी दिईनेछ ।

२४. स्वीकृत दरभाउपत्रदाताले खरिद सम्झौता अनुसार कार्य नगरेमा वा प्रतिष्ठानले माग गरेका सम्बन्धित कोयर म्याट्रेशहरू तोकिएको अवधिभित्र प्रतिष्ठानमा उपलब्ध नगरेमा वा उपलब्ध गराएका कोयर म्याट्रेशहरू दरभाउपत्र फाराममा उल्लेख भए अनुसारको गुणस्तर तथा स्पेसिफिकेसन वा प्रतिष्ठानले निश्चित गरे अनुसारको नभएमा प्रतिष्ठानले उक्त कोयर म्याट्रेशहरू अन्यत्रबाट खरिद गर्न सक्नेछ । यसरी खरिद गर्दा दरभाउपत्र फाराममा उल्लिखित रकमभन्दा बढी लागेमा बढी लागेको रकम प्रतिष्ठानले स्वीकृत दरभाउपत्रदाताबाट असूल गरिनेछ वा प्रतिष्ठानले खरिद सम्झौता खारेज गरी स्वीकृत दरभाउपत्रदाताको कार्यसम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ ।

२५. स्वीकृत दरभाउपत्रदाताले खरिद सम्झौता अनुसार सम्बन्धित कोयर म्याट्रेशहरू प्रतिष्ठानमा उपलब्ध गराई सकेपछि र कोयर म्याट्रेशको वारेण्टीको अवधि समाप्त भएपछि मात्र नियमानुसार कार्य सम्पादन जमानत (परफरमेन्स ग्यारेण्टी) रकम बिना ब्याज फिर्ता गरिनेछ ।

२६. दरभाउपत्र सम्बन्धी कुनै संशोधन गर्नु परेमा सो को जानकारी प्रतिष्ठानको सूचना पाटीमा टाँस गरिनेछ

२७. खरिद सम्झौता सम्बन्धमा कुनै विवाद उठेमा श्रीमान् कार्यकारी निर्देशकज्यू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको निर्णय अन्तिम हुनेछ र हुने निर्णय प्रतिष्ठान र स्वीकृत दरभाउपत्रदाता दुवैलाई मान्य र अन्तिम हुनेछ ।

२८. खरिद सम्झौतामा उल्लिखित शर्तहरू बाहेक अन्य कुराको हकमा प्रतिष्ठान र स्वीकृत दरभाउपत्रदाता दुबैको आपसी सहमति बमोजिम हुनेछ ।

२९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा दरभाउपत्र फाराम तथा यस प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६८ बमोजिम हुनेछ ।

३०. यस सम्बन्धी विस्तृत जानकारीका लागि प्रतिष्ठानको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

Schedule of Requirements

## Delivery and Completion Schedule

| S. N. | Description | Quantity | Unit | Required Delivery Schedule (In Days/weeks/months from the date of signing the contract) | Bidder's offered Delivery date [to be provided by the bidder |
|---|---|---|---|---|---|
| 1. | Coir Mattress | 120 | piece | 7 (seven) days from the date of signing the contract | Not Applicable |

## Technical Specifications

कोयर म्याट्रेश:

१. लम्वाई: ७७ ईञ्चको हुनु पर्ने

२. चौडाई: ३६ ईञ्चको हुनु पर्ने

३. मोटाई: ४ ईञ्चको हुनु पर्ने

४. म्याट्रेशको माथिल्लो भाग र तल्लो भागमा १-१ ईञ्चको कोयर (Coir) हुनु पर्ने

५. म्याट्रेशको बीचको भागमा २ ईञ्चको पी फोम (P Foam) हुनु पर्ने

६. म्याट्रेशमा कटन कभर हुनु पर्ने

७. म्याट्रेशमा कम्तीमा २ (दुई) वर्षको वारेण्टी हुनु पर्ने